# राज्य रजौटा ऐन, २०१७

**प्रमाणीकरण र नेपाल राजपत्रमा**
**प्रकाशन मिति**

२०१७।१२।२७

**संशोधन गर्ने ऐन:**

| | |
|---|---|
| १. राज्य रजौटा (संशोधन) ऐन, २०१९ | २०१९।१२।३० |
| २. केही नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ | २०१९।१२।३० |
| ३. राज्य रजौटा (दोस्रो संशोधन) ऐन, २०२४ | २०२४।६।११ |
| ४. राज्य रजौटा (तेस्रो संशोधन) ऐन, २०४४ | २०४४।६।९ |
| [१]५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

**२०१७ सालको ऐन नं. ३२**

**राज्य र राजा रजौटाका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना** : श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहबाट बाँधिबक्सेको राष्ट्रिय एकतालाई अझ सुदृढ पारी [२]विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताकाबीच सुसम्बन्ध कायम राख्न राज्य र राजा रजौटाका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले श्री ५ महाराजाधिराजबाट [३]नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेकोछ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम “राज्य रजौटा ऐन, २०१७” रहेकोछ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ ।

---

१ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको, प्रशस्ती र अधिराज्य शब्द झिकिएको ।
२ नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।
३ नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।



नेपाल कानून आयोग

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राज्य रजौटाको समाप्ति** : (१) यो ऐन प्रारम्भ भएका अघिल्ला दिनसम्म नेपालमा रहिआएका सबै राज्य समाप्त गरिएकोछ ।

(२) यो ऐन प्रारम्भ भएपछि कसैले त्यस्तो कुनै राज्यका राजा रजौटाका हैसियतमा कुनै अधिकार प्रयोग गर्न पाउने छैन ।

(३) [४]... ... ...

३. [५]... ... ...

४. [६]... ... ...

५. **राज्य माल सरकारी मालमा परिणत हुने** : (१) यो ऐन बमोजिम समाप्त भएका राज्यहरूका माल अड्डाहरू नेपाल सरकारका माल अड्डाको रूपमा परिणत गरिएका छन् र त्यस्तो मालमा रहेका राज्य सम्बन्धी कागजपत्र नेपाल सरकारको कागजपत्र मानिनेछ ।

(२) नेपाल सरकारको अर्को आदेश नभएसम्म उपदफा (१) बमोजिमका माल अड्डाहरूले साविक बमोजिम असूल तहसील समेत जो गर्नु पर्ने काम कारवाई नेपाल सरकारको निमित्त गर्नेछन् ।

[७]६. **पूजाआजा गुठी चलाउन सकिने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०६४ साल चैत्र मसान्तसम्म तत्कालिन कानुन बमोजिम कायम रहेका राजा रजौटाहरूले कुनै देवालय, मठ मन्दिरमा पूजाआजा सञ्चालन गरे वा गराएको रहेछ भने त्यस्तो देवालय, मठ मन्दिर सञ्चालनका लागि छुट्टै आयस्रोतको व्यवस्था भएकोमा बाहेक त्यस्तो देवालय, मठ मन्दिरमा चलिआएको पूजाआजा सञ्चालन गर्न नेपाल सरकारले दिएको आदेश अनुसार प्रचलित कानुन बमोजिम खडा भएको गुठी संस्थानले

---

४ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
५ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज ।
६ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज ।
७ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।



नेपाल कानून आयोग

साविक बमोजिम राजगुठीको आम्दानीबाट पूजाआजा गुठी सञ्चालन गर्न आवश्यक खर्चको व्यवस्था गर्नेछ ।

[८]७. **खारेजी** : नेपालभित्रका राज्य र राजा रजौटाहरूका सम्बन्धमा यो ऐन प्रारम्भ भएका अघिल्ला दिनसम्म भएको ऐन, सवाल र अन्य लिखत खारेज भएको वा यस ऐनसँग मिल्ने गरी संशोधित भएको मानिनेछ ।

नेपाल कानून आयोग

---

८ नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

**द्रष्टव्यः** केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ बमोजिम रूपान्तर भएका शब्दहरूः-
“श्री ५ को सरकार” भन्ने शब्दको सट्टा “नेपाल सरकार” ।